# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

**आ.व. २०८०/८१ को संघीय सशर्त अनुदान तर्फका कार्यक्रमहरूमा आवेदन पेश गर्ने सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०८ गते**

यस तमानखोला गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक संघिय सशर्त कार्यक्रम बमोजिम तपशिल कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/समितिले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको कृषि शाखामा आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | कार्यक्रमको नाम | कुल बजेट | कार्यक्रम मापदण्डहरू | अनुदान मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूल प्रवर्द्धन कार्यक्रम | ९,७५,००० | कम्तिमा २ रोपनीमा तोकिएका फलफुल खेति गरिएको वा गर्नुपर्ने | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८० अनुसार | तोकिएका फलफुलहरुः स्याउ, ओखर, किवी, कागती, सुन्तला, मेवा, सिँगडी फल र अनार |
| २. | आ.व.२०७९/०८० मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रम निरन्तरता | ६,००,००० | कम्तीमा ७ हेक्टर क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | आ.व. २०७९/८० मा कार्यक्रम सञ्चालन भएको १,३ र ४ नं. वार्डहरूमा मात्र |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१)माग निवेदन

२)सम्बन्धित निकायमा कृषि फार्म/कृषक समूह/सहकारीहरु दर्ता वा नविकरण/स्थायी लेखानम्बर/कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

३)कार्यक्रम माग गर्ने समूह/संस्थाहरुको हकमा कार्य समितिको निणर्यको प्रतिलिपि ।

४)कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा १० वर्षको सम्झौतानामा ।

५)निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

६)अनुदान दिन उपयुक्त भएको व्यहोरा खुल्ने वडा कार्यलयको सिफारिस ।

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकिय अधिकृत